# डोल्पो

## भूमिका :

नेपालको हिमाली भेगमा बसोबास गर्ने डोल्पो जाति, नेपालको एक  आदिवासी जनजति हो । नेपालको उत्तरी भेगका जिल्लाहरु, डाल्पा, मनाङ, मुस्ताङ, मुगु, ताप्लेजुङ र जोम्सोङ आदि यी जातिहरुको मुख्य बसोबास रहेको जिल्ला हो ।

डोल्पोहरुको प्रमुख पेशा कृषि भए पनि केहि समय यताबाट यार्चागुम्बा संकलन गर्ने कार्य नै यि जातीहरुको लोकप्रिय कार्य हुन थालेको छ ।

डोल्पो महिलासंघ( डो.म.सं.) , डोल्पोमहिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्न्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक संस्था हो । यो संस्था २०६० सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २४ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

## संस्थाको संरचना :

डोल्पो महिला समाज सुधार संघ( डो.म.सं.) को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट ७ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ ।  महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

### संगठनिक ढाँचा




## दिर्घकालिन सोच :

डोल्पोमहिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक  आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## ध्येय :

समाजमा रहेका डोल्पोमहिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टियृ स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पुऱ्याउनु ।

## उद्देश्यहरु :

१. डोल्पो महिलाहरुमा सामाजिक, साँस्कृतिक, आर्थिक, भाषिक र डोल्पो पहिचान बारे सचेतना जगाउने ।
२. डोल्पोमहिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यकमहरुद्वारा सशक्तिकरण गराउने ।
३. डोल्पोमहिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
५. डोल्पोसमुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यकमहरु गर्ने ।
६. आर्थिकरुपमा पिछडिएका डोल्पा महिलाहरुमा आय आर्जन हुने खालका परियोजनाहरु संचालन गरि उथ्थान गर्ने ।

## कार्यकम/कृयाकलाप :

डो.म.स.ले संचालन गर्ने कार्यकम/कृयाकलापहरु :

१. डोल्पो महिलामा चेतना अभिवृद्धि गर्ने खालका कार्यकम

- शिक्षा सम्बन्धी चेतना अभिवृद्धि कार्यकम

२. डोल्पो  महिलाहरुलाई आर्थिक, संस्कृतीक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण गर्ने खालका कार्यकमहरु

- जातिय चेतना अभिवृद्धि तालिम
- महिला अधिकार बारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यकमहरु

३. संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरुमा गठन भएका जिल्ला समितिहरुको संस्थागत विकास गर्ने र बाकी रहेका जिल्लाहरुमा समिति, नगर विकास समिति र गाउं विकास इकाई समितिहरु गठन र विस्तार

४. डोल्पो  महिलाहरुको लागी दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरु

५.डोल्पो महिलाहरुको हक र अधिकार स्थापित गर्ने खालका कार्यकमहरु

६. डोल्पो महिला समाज सुधार संघ संग साझा सवालहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै जाने ।

## कार्यक्रमको मुख्य अपेक्षित उपलब्धिहरु :

१. डोल्पो महिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।

२.डोल्पो महिला समाज सुधार संघको विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.डोल्पो महिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.डोल्पो महिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।

५.डोल्पो महिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।

६. डोल्पो महिलाहरुको जातीय पहिचान दस्तावेजिकरण भएको हुनेछ ।

## ठेगाना :

डोल्पो महिला र संघ( डो.म.स.)
नेपाल